# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं चैत्र १० गते ०१ साल

## भाग ३

## उद्योग वाणिज्यविभागको सूचना

कोटाबाहेकको माल सामान आफूखुसी नेपाल सरहद्भित्र पैठारी गर्न महाजनहरूले यस विभागबाट नो–अब्जेकशन पत्र पाऊँ भन्ने धेरै दरखास्त परेको-मा बिना कुनै शुल्क दिने गरिएको थियो। अबउप्रान्त यस्तो नो–अब्जेकशन पत्र पाऊँ भनी दरखास्त गर्दा दरखास्त दस्तुर रु. १० दश रुपियाँ सामेल राखी दरखास्त गर्नुपर्छ। सो दस्तुर नखामिएको दर्खास्तबाट कुनै कारवाई हुनेछैन।

उपरोक्त रीत पुगेको दरखास्तबाट विचार भै नो–अब्जेकशन पत्र पाउने भएमा प्रति नो–अब्जेकशन पत्रको दस्तुर रू ५० पचास रुपियाँ बुझाउनुपर्नेछ। सो दस्तुर नबुझाई नो–अब्जेकशन पत्र दिइनेछैन।

दरखास्त परेकोबाट नो–अब्जेकशन पत्र नपाउने भएमा र नो–अब्जेकशन पत्र पाएपछि सो पत्रबमोजिमको काम हुन गर्न नसकेमा पनि १। २ दफा-बमोजिम दाखिल गरेको दस्तुर फिर्ता हुनेछैन।

अमृतप्रसाद–डेपुटी सेक्रेटरी, उद्योग वाणिज्यविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

४१०

२०४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।